


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो ।
त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् ।
कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क ३४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस १६ गते शुक्रबार ❑ 31 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरामा सडक महोत्सव सुरु

## पोखरालाई चौबिसै घण्टा खुल्ला गर्न तयार रहन गृह मन्त्री खाँणको भनाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ पुस**

नेपाल सरकारका गृहमन्त्री बालकृष्ण खाँणले पोखरालाई चौबिसै घण्टा खुल्ला गराउन स्थानिय तथा सरोकारवाला पक्ष तयार रहन आग्रह गरेका छन् । बिहीबारदेखि पर्यटकीय नगरी पोखरामा सुरु भएको २३ औं संस्करणको पोखरा सडक महोत्सवको उद्घघाटन गर्दै गृहमन्त्री खाँणले सरकारले पोखरालाई २४ सै घण्टा खुल्ला गनए चाहेकोले त्यसको लागि स्थानिय प्रशासन, स्थानिय र निजी क्षेत्र तयारी अबस्थामा रहन आग्रह गरेका हुन् ।



पोखरा चौबिसै घण्टा खुल्नुपर्छ भन्ने स्थानियको एक मत भई आएको सुझावको आधारमा आफुहरुले उक्त निर्णयलाई कार्यान्वयनमा लैजान कुनै कठिनायी नहुने मन्त्री खाँणको भनाई थियो । पोखरालाई खुलाउँदा स्थानियको जनगुनासो नआउने गरी खुल्ला गर्न र त्यसको व्यबस्थापनको लागि निजी र सरकारको समन्वय आवश्यक भएको उनको भनाई थियो। पोखरालाई रातभर खुल्ला गराउने बिषयमा कसैले रातभरी सुत्न नपाएको हो हल्ला भएको लगायतका गुनासो नआउने गरी व्यबस्थापनमा स्थानियनै जुट्नु पर्ने मन्त्री खाँणको भनाई छ।

पोखराको सुन्दरता र यहाँका फेवा लगायतका तालहरुको संरक्षणमा सरकार प्रतिवद्ध रहेको मन्त्री खाँणले बताए। पोखराको सुन्दरतालाई कायम राख्न स्थानीय सरकार जिम्मेवार र संवेदनशिल हुन उनले आग्रह गरे।

गण्डकी प्रदेशका पर्यटन उद्योग बाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्माले पर्यटन विकासका कार्यक्रममा सरकार नीजि क्षेत्रसँग मिलेर सहकार्य गर्न तयार रहेको बताए । कानून सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले पोखरा अन्तर ाष्ट्रिय विमानस्थल निर्माणपछि सराङकोटबाट सञ्चालन हुँदै प्याराग्लाइडिङ विस्थापित हुन सक्ने आशंका रहेको बताउँदै स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण रहेको प्याराग्लाइडिङ व्यबस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । गण्डकी प्रदेशसभा सदस्य राजीव पहारीले नेपालको पर्यटनको राजधानी पोखरा हो भनेर घोषणा गर्न सङ्घीय सरकारसँग आग्रह गरे। उद्घाटन समारोहमा रेवानका केन्द्रीय प्रथम उपाध्यक्ष संघर्ष विष्ट, पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराई, नेपाली कांग्रेसका केन्द्रीय सदस्य बहादुरसिँह लामा, रेवानका अध्यक्ष लक्ष्मण बराल लगायतले पर्यटन क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्नुपर्नेमा माग गर्नु भयो। महोत्सवको उद्घाटन अघि विभिन्न २५ वटा साँस्कृतिक समुहको झाँकी ऱ्याली तीन किमी पैदल महोत्सवस्थल कोमागाने पार्कसम्म निकालिएको थियो । अङ्ग्रेजी नयाँवर्षका अवसरमा 'सडकमै खाऔँ, सडकमै नाचौ र सडकमै रमाऔँ'को नारा सहित रेवानले सडक महोत्सव आयोजना गरिएको महोत्सव संयोजक नरेश भट्टराईले बताए । यही पुष १५ र १६ गते गरी दुई दिन महोत्सवमा आगन्तुक स्वदेशी तथा विदेशी पाहुनाहरुलाई २३ औं संस्करणको पोखरा सडक महोत्सवको अवसरमा कोरोना बिरुद्ध खोप उपलब्ध गराउन सुरु भएको रेवान पोखराले जनाएको छ। ३ दिन सम्म चल्ने महोत्सव स्थलमा ३० भन्दा बढी हस्तकला, कोमागाने पार्क प्रवेशका लागि दिउँसो ५० रुपैयाँको तथा राति एक सय रुपैयाँको टिकट लाग्ने रेवान पोखराका सचिव विकास भट्टराईले जनाए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको प्रदर्शन, दोहोरी प्रतियोगिता, झाँकि प्रदर्शन, रात्रिकालिन कन्सर्ट, डुङ्गा दौड, ह्वीलचियर दौड, वेटर रेस लगायतका विभिन्न खेल गतिविधि समेत हुने भएको उनले जनाए । संस्कृति, खाना र म्यूजिकको समेत महोत्सवले प्रर्बद्धन गरेकोले सडकमै खाऔं सडकमै रमाऔं भन्दै उक्त महोत्सवलाई अगेंजी नयाँ बर्षको अवसरमा हरेक बर्ष निरन्तर रुपमा आयोजना गर्दै आएको अध्यक्ष बरालले जनाए । पोखराको सडक क्षेत्र यति वेला दुलही झै सिंगारिएको रेवान पोखराका पूर्व अध्यक्ष चौबहादुर गुरुङले बताए। पोखराको सडक क्षेत्र यतिवेला धोजा पोतकाले सजिएको उनले जनाए।

## मुख्यमन्त्री–फ्रान्सेली राजदूत भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ पुस**



गण्डकी प्रदेशका मुख्यमन्त्री र नेपालका लागि फ्रान्सका राजदूत ग्रिल्स ब्रोबाओबीच बुधबार भेटवार्ता भएको छ । मुख्यमन्त्री कार्यालयमै भएको भेटमा द्विपक्षीय सम्बन्ध र सहयोगका बारेमा छलफल भएको थियो।

उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले फ्रान्सले नेपालका लागि गर्दै आएको खाद्य सहयोग, पेट्रोलियमपदार्थ अन्वेषण, खानेपानी वितरण लगायतका परियोजनाको स्मरण गर्दै आगामी दिनमा समेत सहयोगले निरन्तरता पाउने विश्वास व्यक्त गरे। सन् १९४९ मा द्विपक्षीय सम्बन्ध स्थापित भएदेखि नै २ मुलुकबीचको सम्बन्ध झनै प्रगाढ बन्दै गएको मुख्यमन्त्रीको भनाइ थियो। नेपालबाट हाते कागजका साथै हस्तकलाका सामग्री, गार्मेन्ट ऊनका सामग्री र चाँदीका गरगहना निर्यात हुँदै आएको पनि मुख्यमन्त्रीले बताए । गण्डकी प्रदेशको विकासको आधार पर्यटन नै रहेको र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पनि निर्माणको अन्तिम चरणमा पुगेकाले फ्रान्सबाट थप पर्यटक नेपाल आउने विश्वास उनले व्यक्त गरे । पर्यटन प्रवर्द्धन, जलविद्युत लगायतका क्षेत्रको विकासका लागि विदेशी लगानी आवश्यक रहेकाले फ्रान्सले वातावरण हेरेर लगानी गर्न पनि मुख्यमन्त्री पोखरेलले आग्रह गरे । उक्त अवसरमा नेपालका लागि फ्रान्सका राजदूत ग्रिल्स ब्रोबाओले नेपालीको वहुपक्षीय विकासका लागि सहयोग गर्न फ्रान्स तयार रहेको बताए । फ्रान्सेली नागरिक मौरिस हर्जोगले अन्नपूर्ण आरोहण गरेर कीर्तिमान रचेको स्मरण गर्दै उनले गण्डकी र आसपासको क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता उनले जनाए। उनले मुलुकको वर्तमान राजनीतिक अवस्थाका बारेमा समेत चासो देखाएका थिए।

प्रदेशका प्रमुख सचिव रवीलाल पन्थले कोरोनाले थलिएको पर्यटन क्षेत्रमा विस्तारै चहलपहल बढ्न थालेको भन्दै फ्रान्सेली नागरिकलाई पोखरा घुम्नका लागि राजदूतमार्फत निमन्त्रण दिए । प्रदेश नीति तथा योजना आयोग उपाध्यक्ष डा. रघुराज काफ्लेले गण्डकी प्रदेश सरकारले लगानी सम्मेलन गर्न लागेको जानकारी गराउँदै यसमा लगानीका लागि फ्रान्सेली लगानीकर्तासमक्ष सन्देश पुऱ्याइदिन आग्रह गरे।

## बाघ वर्षलाई स्वागत गर्दै मनाइयो 'तमु ल्होसार'

**रासस**
**काठमाडौं, १५ पुस**

गुरुङ समुदायले पुरानो गाई वर्षलाई बिदाइ गरी नयाँ बाघ वर्षलाई स्वागत गरेर पुस १५ गते 'तमु ल्होसार' पर्व मनाएका छन्।

परापूर्व कालमा गुरुङ समुदायले वर्षलाई गन्न १२ जनावरको नामबाट नयाँ वर्षको नामकरण गरेको सङ्खुवासभा तमु समाजका महासचिव प्रभुराम गुरुङले जानकारी दिनुभयो। गाई, बाघ, बिरालो, सुगा, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर, मृग र मुसा गरी १२ जनावरका नामबाट वर्षको नामकरण गरिएको छ । नयाँ वर्ष शुरु भएको खुसीयालीमा गुरुङ समुदायले देशभर विभिन्न कार्यक्रम आयोजना गरेका छन् । राजधानीको टुँडिखेलमा बुधबारदेखि नै ल्होसार महोत्सवको आयोजना गरिएको छ। कार्यक्रम शुक्रबारसम्म सञ्चालन हुने तमु ह्युला होजधी राष्ट्रिय परिषद्ले जनाएको छ । 'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ फेरिनु भएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको हो।

तमु ल्होसारलाई गुरुङ समुदायले नयाँ वर्षका रूपमा भव्यरूपमा मनाउँछन् । स्वदेशमा मात्र नभई विदेशमा बस्ने गुरुङ समुदायले पनि सांस्कृतिक परम्परा अनुसार यो पर्व मनाउने गरेका छन् । यस दिन गुरुङ समुदायका मानिस सांस्कृतिक एवं परम्परागत वेशभूषामा सजिएर तमु ल्होसार कार्यक्रममा सहभागी हुन्छन्। 'तमु ल्होसार' पर्व सूर्यको किरणसँग सम्बन्धित छ । गुरुङ बाहुल्य रहेको लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वतलगायत जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको हो। यसपछि क्रमशः तामाङ र शेर्पा जातिको बसोबास भएको क्षेत्रमा सूर्यको ताप आउने भएकाले माघ र फागुनमा यो पर्व मनाइने विश्वास गरिन्छ । पुस १५ गतेको रात सबैभन्दा लामो हुने र यसपछिका रात घट्दै जाने भएकाले पनि यस पर्वको महत्व रहेको बताइन्छ। तमु ल्होसारका अवसरमा नेपाल सरकारले देशभर सार्वजनिक बिदा दिने निर्णय गरेको थियो । यसअघि गण्डकी प्रदेश र विभिन्न स्थानीय तहले सार्वजनिक बिदा दिने घोषणा गरेका थिए। विगतमा वर्षमा काटिएको तमु ल्होसारका दिनको सांस्कृतिक बिदाले यस वर्ष फेरी निरन्तरता पाएको छ।

## गण्डकीमा आयोजना बैंक छिटै : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशको समग्र विकासका लागि आयोजना पहिचान, प्राथमिकीकरण, छनौट र कार्यान्वयनलाई प्रभावकारी बनाउन आयोजना बैंक दिग्दर्शन निर्माणको कार्य धेरै अगाडि बढिसकेको बताएका छन्।

राष्ट्रिय योजना आयोगले पोखरामा गरेको मध्यमकालीन खर्च संरचना, आयोजना बैक र समपुरक तथा विशेष अनुदानको सफ्टवेयर सञ्चालन एवं दीगो विकास लक्ष्यको स्थानीयकरण सम्बन्धी प्रदेस्तरीय क्षमता विकास कार्यक्रममा मुख्यमन्त्रीले उक्त जानकारी गराएका हुन्।

बुधबार सुरु भएर बिहीबार सकिएको उक्त कार्यक्रममा मुख्यमन्त्री पोखरेलले मध्यमकालीन खर्च संरचना निर्माण गरी कार्यान्वयनमा ल्याइएको बताए। उनले भने, 'स्थानीय तहलाई पनि मध्यमकालीन खर्च संरचना कार्यान्वयनमा ल्याउन प्राविधिक सहयोग उपलब्ध गराइएको छ।'

मुख्यमन्त्री पोखरेलले दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि काम सुरु भइसकेको बताए। प्रदेशले प्रदान गर्ने समपूरक लगायतका अनुदानहरु कार्यान्वयनमा प्रभावकारिता ल्याउन नियमित अनुगमन र पृष्ठपोषणको काम समेत हुँदै आएको उनको भनाइ थियो । उनका अनुसार स्थानीय तहको आवधिक योजना तर्जुमामा प्रदेशको निरन्तर सहयोग रहँदै आएको छ। ३९ वटा स्थानीय तहलाई आवधिक योजना तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग प्रदेश सरकारले उपलब्ध गराएको छ।

राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचना, आयोजना बैक र समपुरक तथा विशेष अनुदानको सफ्टवेयर बनाएर सबै प्रदेशलाई हस्तान्तरण गरी एकरुपता कायम गर्न, योजनामा स्रोतको अभाव हुन नदिने अवस्था सिर्जना गर्न र आयोजना छनौट र कार्यान्वयनमा प्रभावकारिता ल्याउन मद्धत गरेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो। आयोजना छनौटमा वैज्ञानिक विधि अबलम्बन नहुँदा कतिपय योजनाहरुमा दोहोरोपना देखिएको, आयोजनामा जनताका स्वामित्व नभएको, आयोजना समयमा सम्पन्न नहुने, न्यूनतम गुणस्तर पनि कायम नहुने र लागत उच्च हुने समस्या लामो समयदेखि रहँदै आएको भन्दै उनले आयोजना बैंक निर्माण र कार्यान्वयनले आयोजना छनौटदेखि कार्यान्वयन सम्ममा प्रभावकारिता आउने विश्वास व्यक्त गरे। सबै स्थानीय तहले मध्यमकालीन खर्च संरचना बनाई काम गर्नुपर्ने भएता पनि सो नहुँदा योजनामा स्रोतको अभाव हुने, कतिपय योजनाले निरन्तरता नपाउने र आवधिक योजना र वार्षिक योजनामा तादात्म्यता नमिलेको मुख्यमन्त्रीले बताए । उनले भने, 'यसले स्थानीय तह र समग्र प्रदेशको कार्यसम्पादनमा समस्या देखिएको छ। राष्ट्रिय योजना आयोगले अगाडि सारेको सफ्टवेयरले यसको सम्बोधनमा योगदान गर्नेछ।' सबै प्रदेशमा समपूरक र विशेष अनुदान बाँडफाँडमा समन्यायिकता कायम नभएको उनले गुनासो गरे । उनले भने, 'कतिपय स्थानीय तहले समपूरक अनुदान पाएकै छैनन्। चाहिएको क्षेत्रमा विशेष अनुदान नआउने कम प्राथमिकताका आयोजना/कार्यक्रममा विशेष अनुदान आउने गरेको छ। त्यसमा पनि समयमा समपूरक र विशेष अनुदान नआउँदा प्रदेशलाई र स्थानीय तहलाई समस्या पर्ने गरेको छ । यो सफ्टवेयरको प्रयोगले त्यसको सुधारमा पनि योगदान गर्नेछ।' राष्ट्रिय योजना आयोग सदस्य डा. दिलबहादुर गुरुङले ५ सय ४ वटा दीगो विकासमैत्री सूचक १५ औं पञ्चवर्षीय योजनामा समावेश गरिएको भन्दै उनले सबैलाई सँगसँगै लिएर जाने, भोकमरी र गरिवी निवारण गरेर जाने लक्ष्य पूरा गर्ने दायित्व ३ तहकै सरकारको रहेको बताए। सन् २०३० सम्म लक्ष्य पूरा गर्न खाद्य र कृषि प्रणालीमा सुधार गर्न जरुरी रहेको उनको भनाइ थियो । कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले सन् २०३० सम्ममा मुलुकलाई मध्यम आय भएको मुलुकका रुपमा स्तरोन्नती गर्ने लक्ष्य लिए पनि दीगो विकास लक्ष्य हासिल गर्नका लागि नेपालले धेरै काम गर्न बाँकी रहेको उनको भनाइ थियो । यसका लागि दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको उनले बताए। प्रदेश तह र स्थानीय तहमा दिगो विकास लक्ष्यलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶



# छोम्रोङमा 'ल्होसार मेला' जारी, भलिबल र बास्केटबलको फाईनल खेल शुक्रबार

पोखरापत्र संवाददाता
पोखरा, १५ पुस

अन्नपूर्ण गाउँपालिका ११ छोम्रोङमा जारी ल्होसार मेलामा भलिबल तर्फको उपाधिका लागि सीवाईसी घुर्जुङ र जनउत्थान क्लब भिड्ने भएको छ।



आज भएको सेमीफाईनल खेलमा सीवाईसीले एमवाईसी तल्लोगाउँलाई २३-२५, २५-२० र २५-२२ को सेटमा पराजित गर्दै सीवाईसी फाईनल प्रवेश गरेको हो। यसैगरी अर्को सेमिफाईनल खेलमा जनउत्थान क्लबले योङ स्टार क्लबलार्य २५-२३ र २५-२२ को सोझो सेटमा हराउदै जनउत्थान फाईनलमा पुगेको मेला संयोजक राम गुरुङले जानकारी दिए। उनका अनुसार जनउत्थान र सीवाईसी बिचको फाईनल खेल शुक्रबार विहान १० बजे हुनेछ। गुरुङले भलिबलतर्फ तेस्रो स्थान मिलन युवा क्लबले तेस्रो स्थान हाँसिल गरेको बताए।

उनका अनुसार मत्क्यू गाईजलाई २५-२३ र २५-२२ को सोझो सेटले पराजिगत गर्दै मिलन युवा क्लब याङजाकोटले तेस्रो स्थानको उपाधि रक्षा गरेको हो।

यसैगरि बास्केटबल तर्फ माछापुच्छ्रे युवा क्लब तल्लोगाउँ र मिलन युवा क्लब याङ्जाकोट बिच शुक्रबार नै फाईनल खेल हुने संयोजक गुरुङले बताए। उनका अनुसार तेस्रो स्थानका लागि भने सीवाईसी र एमवाईसी घ्यागोथर बिच प्रतिस्पर्धा हुनेछ।

दुवै तर्फको प्रतियोगिताको विजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु २५ हजार प्राप्त गर्नेछ भने द्वितिय र तृतीय स्थान हाँसिल गर्ने टोलीलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित क्रमश १५ र १० हजार प्रदान गरिने आयोजकले जनाएको छ।

# तेर्सापट्टीमा नेवारी परिकार उत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १५ पुस

तेर्सापट्टी बुहारी समूहको आयोजनामा नेवारी परिकार उत्सव सम्पन्न भएको छ। समूहले नेवारी खानाको संस्कृति बचाउन नेवारी परिकार उत्सब गरेको हो।



फेस्टिभलमा आयोजक बुहारी समुहले कार्यक्रम स्थलमै परिकार बनाउने तालिम पनि प्रदान गरेको थियो। उक्त कार्यक्रमको शुभारम्भ गर्दै नेवाः खल कास्कीका अध्यक्ष अशोक पालिखेले भाषा, संस्कार र संस्कृति नयाँ पुस्तालाई पनि हस्तान्तरण गर्दै लैजानुपर्ने बताउनुभयो। नेवाः खल कास्कीले नेवारी संस्कृति जगेर्नाका लागि जागरण अभियान चलाएको स्मरण गर्दै कास्कीका विभिन्न भेगमा अहिले नेवारी परम्परालाई जिवन्त राख्न कचाः खल, मिसा पुच, ल्याम्ह पुच सक्रिय रहेको बताउनुभयो।

आयोजक तेर्सापट्टी बुहारी समूहका अध्यक्ष निलम उदासले नेवारी परिकारहरु घरका चुलोमा पाक्न छाड्दा विभिन्न नेवारी चाडमा पाक्ने नेवारी परिकारको संस्कृति नै लोपोन्मुख हुने अवस्थामा समूहभित्रका महिलाहरुलाई नेवारी परिकार पकाउन सिकाउन लागेको बताउनुभयो। उहाँले महिलाहरुलाई उद्यमी बनाउँदै आर्थिक सशक्तिकरण गर्ने उद्धेश्यले पनि तालिम दिइएको बताउनुभयो।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर २ का अध्यक्ष रामेश्वर मल्ल, वडा नम्बर ३ का वडा सदस्य रविन कायस्थ, नेवा मिसा पुच कास्कीका अध्यक्ष मेनुका श्रेष्ठ लगायतले बोल्नुभएको थियो।

उत्सवमा प्रशिक्षार्थीहरुले पकाएका परिकारहरु स्टलमा राखिएको थियो। उत्सव स्थलमा पुगेका दर्शकहरुले कार्यक्रम स्थलमै पकाएका खानेकुरा प्रत्यक्ष हेरेर मिठो मानी खाएको संयोजक शान्ती उदासले बताउनुभयो। समूहले आफ्नो ३० भन्दा बढी महिला सदस्यलाई नेवारी परिकारहरु निःशुल्क रुपमा पकाउन तालिम दिएको समूहकी अध्यक्ष उदासले जानकारी दिनुभयो। जोःजलपा नेवारी किचनका सेफले प्रदान गरेको तालिममा नेवारी परिकार योमरी, छोयला, समयबजी, चटामरी, बारा, तखला, सन्यखुन्य लगायत पकाउन सिकाइएको थियो। भिन्तुना युवा क्लव तेर्सापट्टीले परिकार उत्सवको व्यवस्थापन सहयोगीका रुपमा सघाएको छ।

# रुपाको कालिका माविका विद्यार्थीलाई न्यायो कपडा बितरण

पोखरापत्र संवाददाता
पोखरा, १५ पुस

लायन्स क्लव अफ लेखनाथ गार्डेनसिटीले रुपा गाउँपालिकाको कालिका मा.वि का विद्यार्थीलाई विहिबार न्यायो कपडा बितरण गरेको छ।

क्लवले रुपा गाउँपालिका वडा नं. १ स्यास्त्रीमा रहेको कालिका मा.वि का ४० जना बिपन्न बालबालिकालाई एक कार्यक्रमका बिच न्यानो कपडा बितरण गरेको हो। क्लबले आफ्नो बार्षिक कार्यक्रम अर्न्तगत बालबालिकालाई सुइटर र टोपी एवं स्टेशनरीका सामाग्री बितरण गरेको हो। विद्यार्थीहरुलाई न्यानो कपडा बितरण गर्दै, क्लवका पूर्व अध्यक्ष एवं लायन्स क्लव अफ ३२५ बि १ का डिर्पाटमेन्ट को–चिफ भक्तबहादुर के.सी ले क्लवका सदस्यहरुले खाजा खर्च कटाएर संकलित भएको रकमबाट विद्यार्थीलाई सहयोग गरिएको बताए। के.सी ले क्लवले बार्षिक रुपमा विभिन्न कार्यक्रमको आयोजना गर्दै आएको उल्लेख गर्दै, विपन्न बालबालिकालाई न्यानो कपडा बितरणले बालबालिको विद्यालय आउने क्रममा सुधार हुने उल्लेख गरे। कार्यक्रम संयोजक एवं लायन्स क्लव अफ ३२५ वि १ का सिनियर एओजी नबराज सापकोटाले न्यानो कपडा बितरणको कार्यक्रम ग्रामिण क्षेत्रमा प्रभावकारी हुने उल्लेख गर्दै, आगामी दिनमा थप सहयोगका कार्यक्रम समेटिने बताए। क्लवका पूर्व अध्यक्ष एवं स्वास्थ्य संयोजक बालकृष्ण लामिछानेले कोभिडको न्यूनिकरण भएपछि बृहत स्वास्थ्य शिविरको आयोजना गर्न क्लवले सहयोग गर्ने बताए।

लायन्स क्लव अफ लेखनाथ गार्डेनसिटीका अध्यक्ष राजनकल्याण बड्गामीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विकास खनाल, विद्यालयका प्रधानाध्यापक ज्ञानेन्द्रराज पौडेल, क्लवका प्रथम उपाध्यक्ष रविचन्द्र घिमिरे र क्लवका सचिव विश्वमणि अधिकारी लगायतले मन्तव्य ब्यक्त गरेका थिए।

# शिर्ष वरियताकी सलोनीलाई पोखरामा दुई उपाधी

पोखरापत्र संवाददाता
पोखरा, १५ पुस

नेपालकै शिर्ष वरियताकी सलोनी तामाङ्गले पोखरामा एकैपटक दुई वटा उपाधीमा आफ्नों नाम लेखाएकी छन्।



कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा जारी १८ औं माछापुच्छ्रे बैंक पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगितामा उनले उमन्स सिंगल र डबल्स गरि दुई वटा उपाधीमा कब्जा जमाइन। बिहीबार भएको उमन्स सिंगलमा उनले गंगा शर्माको चुनौतीलाई ६-२, ६-० को सहज सेटमा पार लगाइन्। त्यस्तै उमन्स डबल्सतर्फ सलोनी र माहिका राणा जोडीले सुभाङ्गि लक्ष्मी शाह र अभिलाषा विष्टको जोडीमाथि ६-१, ६-३ को नतिजा निकाल्दै उपाधी रक्षा गर्न सफल भए। प्रतियोगितामा मेन्स डबल्सतर्फको उपाधी अक्कि जुवेन रावत र आरब सम्राट हाडाको जोडीले जितेको छ। फाइनल खेलमा सो जोडीले प्ररण खनाल र जितेन्द्र परियारको जाडीलाई ७-६ र ६-१ को सेटमा पन्छ्याउँदै उपाधी जित्न सफल भएको हो।

३५ वर्ष माथिको डबल्समा कमल भण्डारी र यज्ञ भण्डारीको जोडीले प्रथम स्थान हाँसिल गरे। राजु क्षेत्री र सुदर्शन विष्ट जोडीसंगको अन्तिम भेटमा भण्डारी जोडीले ६-४ र ७-६ को नतिजा निकाल्दै अव्वल हुन सफल भए। ५५ वर्ष माथिको एकलतर्फ कृष्णराज घलेलाई ६-३, ६-३ को सोझो सेटमा पराजित गर्दै बिमल गुरुङ्गले उपाधी आफ्नों पोल्टामा पारे। प्रतियोगितामा ५५ वर्ष माथिको डबल्स स्पर्धामा नेपालका भेट्रान्स च्याम्पियन कमल थापा र झ्याम्पा ढुण्डुपको जोडी प्रथम हुन सफल भयो। अत्यन्तै प्रतिस्प्रधात्मक खेलमा थापा जोडीले कृष्ण घले र राजु श्रेष्ठको जोडीमाथि २-६, ६-२ र ११-९ संघर्षपूर्ण जित दर्ता गरे। ६५ वर्ष माथिको फाइनलमा विदुर विष्टले विष्णु गुरुङ्गलाई ४-०, ४-१ को सोझो सेटमा पराजित गर्दै प्रथम स्थान हाँसिल गर्न सफल भए। प्रतियोगिताको मुख्य इभेण्ट मेन्स ओपनको टाइटलका लागि पोखरेली खेलाडी प्रदिप खड्का र आरब सम्राट हाडा भिड्ने भएका छन्। शुक्रबार हुने फाइनल भेटका लागि प्रदिपले अकि जुवेन रावतलाई ७-५, ६-२ ले तथा आरबले प्ररण खनाललाई ६-२, ६-४ ले पराजित गर्दै उपाधी भिडन्त निश्चित गरेका हुन्। ३५ वर्ष माथिको एकलतर्फ सन्तोष खत्री र भिष्म गुरुङ्गविच उपाधी भिडन्त हुने भएको छ। सन्तोषले दावा शेर्पालाई ६-१, ६-१ ले तथा भिष्मले निरज थापालाई रोमाञ्चक खेलमा ३-६, ६-३ र १०-२ ले पराजित गरेका हुन्। ४५ वर्ष माथिको एकलतर्फ बिमल गुरुङ्ग र चन्द्र शाहीविच फाइनल खेल हुने छ। बिमलले विनोद कायस्थलाई ६-०,६-२ ले तथा चन्द्रले उत्तम लामालाई ६-१-६-१ ले पराजित गरे। ४५ वर्ष माथिको डबल्सतर्फ उपाधीका लागि पोखरेली खेलाडी विनोद कायस्थ र विकास गुरुङ्गको जोडीले हिमाल शाह र राजु क्षेत्री जोडीसंग उपाधीका लागि प्रतिस्पर्धा गर्ने प्रतियोगिता संयोजक नविन चालिसेजे जानकारी दिए।

# वालिङका किसानलाई हाते ट्र्याक्टर मर्मत तालिम

पोखरापत्र संवाददाता
वालिङ, १५ पुस

स्याङ्जाको वालिङ नगरपालिकाले यहाँका किसानलाई हाते ट्र्याक्टर मर्मतसम्बन्धी तालिम प्रदान गरेको छ।

नगरपालिकाले बर्सेनि हाते ट्र्याक्टर वितरण गर्दै आए पनि बिग्रेपछि प्रयोगबिहीन हुने समस्या बढ्दै गएकाले किसानलाई मर्मतको तालिम दिइएको हो।

मर्मत गर्न सिकाएर हाते ट्र्याक्टर सञ्चालन गर्न सकियोस् भन्ने उद्देश्यका साथ किसानलाई तालिम प्रदान गरिएको नगर प्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो। वालिङ नगरपालिका र युएनडिपी नेपालको साझेदारीमा 'कोभिड-१९ उद्दार र सामाजिक आर्थिक प्रतिकार्य पहल परियोजना'अन्तर्गत किसानलाई हाते ट्र्याक्टर मर्मतसम्बन्धी एकहप्ते तालिम दिइएको हो। तालिममा वालिङका १४ वडाका ५० कृषक सहभागी छन्। "गाउँ गाउँमा हाते ट्र्याक्टर छन्, कतिपय बिग्रेपछि थन्क्याइएको छ", नगर प्रमुख खाँणले भन्नुभयो, "प्रयोगबिहीन भएपछि नयाँ किन्ने गरेको पाइयो, त्यसैले किसानलाई तालिम दिएर मर्मत गरी पुनः सञ्चालन गर्न सक्ने बनाउने योजना छ।" गाउँमै मर्मत गर्न सक्ने भएपछि बजार लैजानुपर्ने बाध्यता हटेर जाने खाँणको भनाइ छ।

"मर्मतभन्दा ढुवानीमा बढी रकम र समय खर्च हुने गरेको छ", उहाँले भन्नुभयो। मर्मतमा धेरै खर्च हुने भएकाले त्यसलाई जोगाउन पनि किसानलाई सीप सिकाइएको युएनडिपी नेपालका गण्डकी तथा लुम्बिनी प्रदेश प्रमुख सुदीप अर्यालले बताउनुभयो।

## गण्डकीमा...

स्थानीयकरण गर्न सकेमा मात्र यसको कार्यान्वयन प्रभावकारी हुन सक्ने भन्दै उपाध्यक्ष काफ्लेले राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि प्रदेशस्तरमा आयोजना गर्न खोजेको क्षमता विकास कार्यक्रम अत्यन्त सान्दर्भिक रहेको भनाइ राखे। कार्यक्रममा प्रदेश सरकारका प्रमुख सचिव रवीलाल पन्थ मानव संशाधनको कमीले कार्यसम्पादन प्रभावित हुने गरेको बताए। आयोगले बनाएको सफ्टवेयरले कार्यक्रमको दोहोरोपना, तेहोरोपनाको अन्त्य हुने विश्वास व्यक्त गरे। उनले भने, 'भूगोल एउटै हो तर कतै योजनै योजना, कतै योजनै नहुने अवस्था अन्त्य गर्न गर्नुपर्ने छ।' कार्यक्रममा प्रदेश सरकारका मन्त्रालयका कर्मचारी, पोखरा महानगर, पुतलीबजार नगरपालिका, कुश्मा नगरपालिका, शुक्लागण्डकी नगरपालिका, भानु नगरपालिका, बेशिसहर नगरपालिका र बागलुङ नगरपालिकाका कर्मचारी सहभागी थिए।

बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर

परीक्षण गरिने रोगहरू:
बाथ रोगः घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला।
प्यारालाइसिसः शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।
ढाड दुख्नेः ढाडमा नशा च्यापिएको, एकातिरको खुट्टा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।
विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म
फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।
सर्म्पकः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सडक महोत्सव पोखराको चिनारी

पोखराको लेकसाइड क्षेत्रमा सडकमै रेष्टुराँ राखेर परिकारको स्वाद लिन पाउने अवसर मिलाउन थालेको २२ वर्ष पुरा भएको छ। अंग्रेजी नयाँ वर्ष मनाउन नेपालीलाई पोखरामा जाने र विदेशी पर्यटकहरुलाई समेत नयाँबर्षको रमाइलो मनाउन पाउँने मेला हो, पोखरा सडक महोत्सव । नेपालीहरुलाई पनि परिवार सहित घुमघाम गर्ने अवसर बनेको छ सडक महोत्सव । सडकमै रेष्टुराँको परिकारका साथै पर्यटकीय गतिविधि जानकारी गराउन सडक महोत्सव मनाउन थालिएको २३ औं वर्ष लागेको छ । रेष्टुरेष्ट एण्ड बार एशोसिएसन (रेवान) पोखराले बिहीबारदेखि सञ्चालन गरेको २३ औं संस्करणको सडक महोत्सव शनिबारसम्म चल्ने छ । कोभिडका कारण पर्यटन क्षेत्र नराम्ररी थला परेको छ । २ वर्षसम्म पर्यटकहरु आउन नसकेका कारण पर्यटन उद्योगमा परेको असरले धेरै क्षेत्रलाई असर पारेको छ । कोभिड विरुद्ध खोप पछि केही तङ्ग्रिएला भनेर आशा गरेको बेला कोभिडको नयाँ भेरियन्ट ओमिक्रोनको कारण फेरी पर्यटन क्षेत्र प्रभावित भएको छ। स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर महोत्सव गरेमा नकरात्मक सन्देश जाने छैन ।

कोभिडका कारण उकुसमुकुस जीवन विताएका व्यक्तिहरुलाई नयाँ ठाउँ घुम्ने रमाइलो गर्ने इच्छा हुन्छ। संक्रमणका बीच पनि सडक महोत्सवको रमाईलो गर्न पाइने आशामा मध्यमस्तरका नेपालीहरु पनि पोखरामा आउने गरेका छन् । महोत्सवको बेला पोखराका पर्यटकीय स्तरका होटलहरु आन्तरिक पर्यटकले पनि भरिभराउ हुने गरेको छ । पर्यटन व्यवसायीहरुको सक्रियतामा मनाउन थालिएको सडक महोत्सवलाई पोखराका विभिन्न जातजातिले सघाउदै आएका छन् । आफ्ना मौलिक भेषभूषा र परम्परा झल्कने झाकी प्रर्दशन गरेर विविधतामा एकता प्रर्दशन गर्ने अवसर बनेको छ । त्यसमा सवैले सहकार्य गर्ने वातावरण वन्दै जानु महोत्सवको सफलता हो । सडक महोत्सव पोखराको ब्राण्ड बन्न सकेको छ।

चाडपर्वका अवसरमा रमाइलो गरी मनाउने नेपालीहरुको परम्परा बन्दै आएको छ । हरेक चाडपर्वलाई मेला/उत्सवको रुपमा मनाउने पोखेलीहरुले नमूना पेश गरेका छन् । मेलालाई नयाँ रुपमा मनाउने र पर्यटनसंग जोड्ने पोखेलीहरुको मौलिकता हो । मेलालाई महोत्सवको रुप दिएर त्यसमा विविधता दिनु परिस्कृत रुप हो । सबैलाई सामेल गराएर रमाइलो दिन सकेमा त्यसले निरन्तरता पाउँछ। मेला, महोत्सव सफल पार्न प्रायोजकले गर्ने सहयोग र दर्शकहरुको ओइरो लागेर पोखराकै चिनारी गराउन सकेको छ। मेला महोत्सव पर्यटन प्रबर्द्धन गर्न, मौलिक संस्कृतिको जगेर्ना र नयाँ संभावनाको खोजी गर्न सघाउ पुऱ्याउँछ। सडक महोत्सवको मुख्य आकर्षण साँझ र रातिको समयमा हुने भएको हुँदा सुरक्षा र यातायातको राम्रो प्रबन्ध हुनु पर्दछ ।

देश संघीय संरचनामा गएको हुँदा तीनै तहका सरकार मिलेर मात्र आफ्नो क्षेत्रको विकास हुन सक्छ। स्थानीय र प्रदेश सरकारले प्रदेश राजधानी पोखराको पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रसंग सहकार्य गर्नुपर्दछ । सरकार र निजी क्षेत्र मिलेर मात्र पोखराको पर्यटन विकास हुन सक्छ । पोखरा पर्यटकीय राजधानी घोषण नभएपनि पर्यटकीय प्रमुख गन्तब्य हो । कोरोनाले पर्यटन क्षेत्र वढी प्रभावित भएको हुँदा पुनर्स्थानका लागि सरल र सहुलियत ऋण प्रवाह गर्ने नीतिको लागि सरकारको ध्यान जानुपर्दछ । सरकारले पर्यटन क्षेत्रका व्यवसायीहरुलाई उभिनसक्ने वातावरण बनाउनु पहिलो कर्तव्य हो । सरकार र निजी क्षेत्रले कस्ता गतिविधी सञ्चालन गर्दा पर्यटकलाई आकर्षित गर्न सकिन्छ भनेर संघीय सरकारसंग योजना पेश गर्नुपर्दछ। पर्यटकको बसाई अवधि लम्ब्याउने र जीवनमा एक पटक पोखरा पुग्नैपर्ने रहेछ भन्ने सन्देश प्रबाह गर्ने काम पनि पोखेलीको हो । कस्तुरीलाई आफ्नै विना थाहा नपाएर भौतारिए झै स्थानीय र प्रदेशको अधिकार र महत्वलाई नबुझि केन्द्रीकृत शासन प्रणाली कै शैलीमा गतिविधि हुन थालेमा त्यसले केहि व्यक्तिलाई फाइदा पुऱ्याए पनि पोखरा र पोखरेलीले त्यसको फाइदा लिन सक्नेछैनन् । अग्रेजी नयाँ वर्षको अवसरमा भएको महोत्सवले पर्यटन क्षेत्रमा नयाँपन दिन प्रेरित गरोस भनि सफलताको शुभकामना व्यक्त गर्दछौं ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : झमेला बढ्ने | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शारीरिक झमेला | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको सान्दर्भिकता

–कृष्ण अधिकारी
काठमाडौं, १५ पुस

पुस १६ गते राष्ट्रिय मेलमिलाप दिवस । नेपाली कांग्रेसका संस्थापक एवं नेपाली कांग्रेसको सिद्धान्त प्रजातान्त्रिक समाजवादका प्रतिपादक बिपी कोइराला सहितका नेताहरू आठ वर्ष निर्वासित जीवन बिताएर २०३३ पुस १६ गते स्वदेश फर्केको दिनको सम्झनामा कांग्रेसले हरेक वर्ष पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाउँदै आएको छ । यसलाई औपचारिकतामा सीमित नगरी यसको मर्म र भावनालाई आत्मसात् गर्नसक्ने हो भने दिवसले सधैँभरि राष्ट्रिय एकता र आपसी मेलमिलापको महत्वपूर्ण सन्देश दिएको छ।

मेलमिलाप दिवस पञ्चायती निरङ्कुशतामा आठ वर्षको भारत निर्वासित जीवन त्याग गरी कांग्रेसका संस्थापक जननायक बिपी कोइरालासहित लौहपुरुष गणेशमान सिंह, नेत्री शैलजा आचार्य, खुमबहादुर खड्कालगायतका दर्जनौं नेता राष्ट्रिय एकता र मेलमिलापको सन्देशसहित नेपाल फर्कनुभएको थियो । मुलुकको सार्वभौमसत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ उहाँहरु भारतको निर्वासित जीवन त्यागेर स्वदेश फर्कनुभएको थियो । प्रजातन्त्रसँग कुनै सम्झौता हुन सक्दैन तर राष्ट्रियताका सवालमा मेरो घाँटी राजासँग जोडिएको छ भन्ने बिपीको प्रष्ट भनाइले तत्कालीन अवस्थामा मुलुकको राष्ट्रियता कति सङ्कटमा थियो भन्ने प्रष्ट हुन्छ । राष्ट्रियताका सन्दर्भमा स्वदेश फर्केपछि राजासँगको भेटमा बिपीले भन्नुभएको थियो, “यो मुलुक रहेन भने म विराटनगरमा खेती गरेर बसौँला तर तपाईं कहाँको राजा बन्नुहुन्छ ?” नभन्दै त्यतिबेला दक्षिण एशियाकै राजनीतिमा निकै उतारचढाव थियो । त्यस राजनीतिक सङ्क्रमणबाट नेपाललाई बचाउन आफूमाथिको मृत्युदण्डको मुद्दालाई बेवास्ता गर्दै उहाँले मुलुकको सार्वभौमसत्ता रक्षाका लागि जनशक्ति (राजनीतिक दल) र राजशक्ति (राजा) मिल्नुपर्ने धारणा राख्नुभएको थियो।

विसं २०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको सरकार बर्खास्त गर्दै बहुदलीय प्रजातान्त्रिक व्यवस्था विघटन गरी राजनीतिक दलमाथि प्रतिबन्ध मात्र लगाएनन नेतामाथि देशद्रोहको मुद्दासमेत लगाए । निर्दलीय पञ्चायती व्यवस्था सुरु गरेपछि कोइराला सहितका नेतालाई करिब आठ वर्ष जेलमा हालिएको थियो।

राष्ट्रिय/अन्तर्राष्ट्रिय दबाबका कारण २०२५ कात्तिक १४ गते बिपी कोइरालालगायतका नेता जेलमुक्त हुनुभयो र त्यसपछि उहाँहरू भारतमा निर्वासनमा जानुभयो । त्यसपछि कांग्रेसले सशस्त्र विद्रोहको नीति अपनायो तर त्यो विद्रोह खासै उपलब्धिमूलक हुन सकेन, बरु पार्टीका केही नेताहरूको ज्यान गयो । यसबीचमा देशका विभिन्न स्थानमा भएका घटनामा संलग्नता रहेको भन्दै तत्कालीन राज्यसत्ताबाट बिपी सहितका नेताहरूलाई फाँसीको सजाय हुन सक्नेसम्मका विभिन्न आठ मुद्दा लगाइएको थियो। मुलुकको विषम परिस्थितिलाई बुझेर नै बिपीले आफ्नो ज्यानभन्दा देश ठूलो हो भन्ने महसुस गरी राष्ट्र बचाउन र मुलुकमा प्रजातन्त्रको पुनःस्थापना गर्न २०३३ सालमा मेलमिलापको नीति घोषणा गर्दै नेपाल फर्कनुभएको थियो। बिपीले मेलमिलापको नीति अवलम्बन गर्ने क्रममा भन्नुभएको थियो, “आजसम्म हामीले प्रजातन्त्रको लडाईं गरिरहेका थियौं ।”

बिपीको त्यो ऐतिहासिक निर्णय र तत्कालीन राष्ट्रिय आवश्यकतालाई नबुझी राजासँग बिपीको सहकार्यको प्रस्तावलाई लत्याउँदै उहाँहरूलाई पक्रेर सुन्दरीजलस्थित बन्दीगृहमा राखियो । बिपीले सोही जेलबाट ती मुद्दाको पुर्पक्ष गर्नुभएको थियो । बिपीले ती मुद्दामा सर्वोच्च अदालतमा बयान दिँदा पनि भन्नुभएको थियो, “कानुनको साँघुरो किल्लामा न्यायको हत्या नहोस् ।” बिपीको राष्ट्रियताप्रतिको संवेदनशीलता र प्रजातन्त्रप्रतिको प्रतिबद्धतालाई तत्कालीन राज्यसत्ताले बुझ्न नसक्दा नै २०३६ सालमा विद्यार्थी आन्दोलन हुन पुग्यो र अन्ततः तत्कालीन राजा वीरेन्द्रले जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य हुनुपऱ्यो । जनमत सङ्ग्रहमा बहुदलीय पक्षलाई पराजित गराइए पनि प्रजातान्त्रिक आन्दोलनले फस्टाउने मौका पायो र २०४२ सालमा सत्याग्रह हुँदै २०४६ सालमा जनआन्दोलन भई बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भएको हो।

यसरी प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन सङ्घर्ष गर्नुभएका बिपी कोइरालाको मेलमिलापको नीति अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक रहेको देखिन्छ । बिपीको स्वदेश फिर्ताको निर्णयले तत्कालीन पञ्चायतलाई भित्रबाटै कमजोर बनाउन सहयोग पुगेको थियो। अन्य देशमा बसेर हतियारको राजनीति गर्नु गलत रहेछ तथा राष्ट्र र जनतालाई एकीकृत गर्न देशभित्रै रहेर सङ्घर्ष गर्नुपर्छ भन्ने बिपीको सोचले राजा र जनताबीचको शक्ति सन्तुलनलाई पनि जोड दिएको वरिष्ठ पत्रकार पुरुषोत्तम दाहाल बताउनुहुन्छ। अहिले पनि सत्तामा रहने र नरहने शक्ति, राजनीतिक पार्टीभित्रै तथा पार्टीबीच अन्तरकलह र अन्तरविरोध रहेकाले त्यसको व्यवस्थापनका लागि पनि उतिबेला बिपीले अघि सार्नुभएको मेलमिलापको नीतिको सान्दर्भिकता रहेको उहाँको तर्क छ। राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि ‘राष्ट्रिय एकता तथा मेलमिलाप’बाट मात्रै सुनिश्चित हुने भन्दै ४५ वर्षअघि अवलम्बन गरिएको नीतिलाई देशका सम्पूर्ण राजनीतिक शक्तिले आत्मसात् गर्नुपर्नेमा राजनीतिक विश्लेषक पुरुषोत्तम बस्नेत जोड दिनुहुन्छ । राजनीतिक, आर्थिकलगायत अन्य कुनै पनि सङ्कटले राष्ट्रियता माथि नै चुनौती दिने हुँदा सम्पूर्ण राष्ट्रवादी शक्तिबीच एकता हुनुपर्ने उहाँको भनाइ छ। सबै राजनीतिक दलको साझा सहमतिमा लेखिएको वर्तमान संविधानले समाजवादको भूमिकालाई पनि स्वीकार गरेको उल्लेख गर्दै उहाँले यसको पूर्ण कार्यान्वयनका लागि पनि सबै राजनीतिक शक्तिबीच एक मत बन्न नसकेमा पुनःत्यो उपलब्धि गुम्नसक्ने खतरा रहेको बताउनुहुन्छ । बिपीले राष्ट्रियताको कुरा गर्दा दक्षिण एसियाको सामरिक सन्तुलन र नेपालको जटिल भूराजनीतिलाई केन्द्रमा राखेको देसखिन्छ। भारत-पाकिस्तान युद्धपछि पूर्वी पाकिस्तान टुक्रिएर बङ्गलादेश बनेको र सिक्किमलाईविलयगराएरभारतको प्रान्त बनाइएको भूराजनीतिक तथ्यलाई बिर्सेर विपीको राष्ट्रिय मेलमिलाप नीतिलाई हेर्न नसकिने त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाल तथा एसियाली अनुसन्धान केन्द्र (सिनास) का कार्यकारी निर्देशक डा मृगेन्द्रबहादुर कार्की बताउनुहुन्छ । संविधानको सफल कार्यान्वयन, देशको विकास, सुदृढ अर्थतन्त्रको निर्माण, जनताको जीवनमा सकारात्मक परिवर्तन आजको राजनीतिको मूल कार्यभार भएकाले यसलाई पूरा गर्न राष्ट्रियरूपमा र अन्तरपार्टीमा रहेका विवाद तथा मतभेदलाई अन्त्य गर्न जरूरी रहेको उहाँको भनाइ छ।

हालै सम्पन्न पार्टीको १४औँ महाधिवेशनले पार्टीलाई अझ गतिशील र रुपान्तरण गरेकाले देशव्यापीरुपमा नेता, कार्यकर्तादेखि आम जनतामा नयाँ उत्साहको सञ्चार भएको बताउँदै नेपाली कांग्रेसका केन्द्रीस्य सदस्य नैनसिंह महरले बिपीको मेलमिलापको नीतिलाई गाउँगाउँसम्म पुऱ्याउन सकिएमा कार्यकर्ताका बीच आपसी सद्भाव वृद्धि भई आगामी स्थानीयदेखि केन्द्रीय तहसम्मका निर्वाचनमा पार्टीलाई पहिलो स्थानमा लैजान मद्दत पुग्ने बताउनुहुन्छ।

# दुई वर्षदेखि स्वास्थ्यकर्मी छैनन्, बन्दीलाई समस्या

पोखरापत्र संवाददाता
तनहुँ, १५ पुस

दमौली कारागारमा स्वास्थ्यकर्मी नहुँदा कैदीबन्दीले समस्या भोगिरहेका छन् । यहाँका हेल्थ असिस्टेन्ट सक्षम घिमिरे विसं २०७६ असोज २३ गते सरुवा भएर गएदेखि अर्को स्वास्थ्यकर्मीको पदपूर्ति हुन सकेको छैन् । स्वास्थ्यकर्मी नहुँदा कैदीबन्दीलाई उपचारमा समस्या हुने गरेका छन् ।

कर्मचारी समायोजन पश्चात् घिमिरे जिल्लाको म्याग्दे गाउँपालिकामा सरुवा भएर गएपछि कारागार स्वास्थ्यकर्मीविहीन बन्न पुगेको कारागारका सूचना अधिकारी नारायणप्रसाद अधिकारीले बताउनुभयो ।

सामान्य रोगको उपचारका लागि पनि बाह्य अस्पतालमा लैजानुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ । उहाँले कैदीबन्दी अस्वथ्य हुँदा बाहिर गएर स्वास्थ्य परीक्षण गराउन गाह्रो मान्ने गरेको बताउनुभयो । कैदीबन्दीको स्वास्थ्यपरीक्षण गराउन लैजाँदा हत्कडी लगाएर हिँडाएर लैजानुपर्ने अवस्था रहेकाले चिनेजानेका, आफन्तजन, साथीभाइ भेट हुने हुँदा अप्ठ्यारो मान्ने गरेको उहाँले जानकारी दिनुभयो । “गाडीमा लैजाउ भने सुविधा छैन्, हिँडाएरै लैजानुपर्छ”, उहाँले भन्नुभयो, “कारागारमै स्वास्थ्यकर्मी हुँदा कैदीबन्दीलाई पनि सहज र कारागार व्यवस्थापनलाई पनि सहज हुन्थ्यो ।” जटिल प्रकृतिका बाहेक अन्य बिरामीको स्वास्थ्यकर्मीले कारागारमा स्वास्थ्यपरीक्षण गरी औषधि दिने व्यवस्था रहेपनि अहिले स-साना रोगका लागि पनि बाहिर लैजानुपर्ने अवस्था रहेको उहाँको भनाइ छ । सो कारागारमा हाल १८ सुरक्षाकर्मी राखिएको बताइएको छ । दमौली कारागारमा हाल कैदी १४४ र थुनुवा ११४ गरी २५८ जना रहेको कारागार प्रशासनले जनाएको छ।

# २४१ संक्रमित थपिए

रासस
काठमाडौं, १५ पुस

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणबाट कसैले पनि ज्यान गुमाउनुपरेको छैन । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीबार सार्वजनिक गरेको बुलेटिनमा सङ्क्रमणबाट कसैको पनि निधन नभएको उल्लेख गरिएको छ । बुधबार भने सङ्क्रमणबाट दुई जनाको निधन भएको थियो । अहिलेसम्म नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट ११ हजार ५९० जनाको निधन भइसकेको छ । बुलेटिनमा पछिल्लो २४ घण्टामा आठ हजार ८९७ जनामा कोरोना परीक्षण गर्दा २४१ मा सङ्क्रमण पुष्टि भएको जनाइएको छ। यससँगै सक्रिय सङ्क्रमित सङ्ख्या नेपालमा चार हजार ८७१ पुगेको छ।

पछिल्लो समय थप २२८ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । यससँगै निको हुनेको सङ्ख्या आठ लाख ११ हजार ७४६ पुगेको छ। निको हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पाँच सयभन्दा बढी सङ्क्रमण भएका जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुर रहेका छन् । २०० भन्दा बढी सङ्क्रमित भएका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली रहेका छन् । यस्तै शून्य सङ्क्रमित भएका जिल्ला सोलुखुम्बु, रसुवा मनाङ, मुस्ताङ, हुम्ला, मुगु र बाजुरा रहेका छन् । नेपालमा सङ्क्रमण दर १७.१ प्रतिशत रहेको छ । हाल होम आइसोलेशनमा चार हजार ६३४, संस्थागत आइसोलेशनमा २३७, आइसीयूमा ८४ र भेन्टिलेटरमा २३ जनाको उपचार हुँदैछ।

# टोपी दिवस मनाइँदै

रासस
काठमाडौं, १५ पुस

जागरुक युवा अभियान नेपालले यस वर्ष पनि अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस मनाउने भएको छ। सो अभियानले गत नौ वर्षदेखि अङ्ग्रेजी नयाँ वर्षको जनवरी १ (पुस १७) का दिन यो दिवस मनाउँदै आएको अभियानका संयोजक घनश्याम श्रेष्ठले बताउनुभयो ।

विसं २०६८ मा तत्कालीन प्रधानमन्त्री डा बाबुराम भट्टराई नेतृत्वको सरकारले नेपाली राष्ट्रिय पोशाकलाई औपचारिकरूपमा हटाएपछि त्यसलाई स-सम्मान फिर्ता हुनुपर्ने मागसहित सरकारलाई दबाब दिन टोपी दिवस मनाउन थालिएको संस्थाका सचिव ज्ञानमणि नेपालले जानकारी दिनुभयो ।

**मादी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल**

मादी गाउँपालिका

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०७८/०९/१६ गते**

यस कार्यालयबाट मिति २०७८/०८/१७ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित अत्यावश्यक औषधी तथा स्वास्थ्य सामाग्री खरिद सिलबन्दी दरभाउपत्रको सूचना अनुसार दर्ता भएका सिलबन्दी दरभाउपत्रहरुमध्ये तपशिल बमोजिमको दरभाउपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं. | कामको बिबरण | स्वीकृत हुने सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ. कर बाहेक |
|---|---|---|---|---|
| १ | २३-२०७८/०७९ | अत्यावश्यक औषधी तथा स्वास्थ्य सामाग्री खरिद | श्री चिराग फर्मेसी प्रा.लि. रानीपौवा-११, पोखरा | रु.११,३९,५४६.२३ (एघार लाख उनन्चालीस हजार पाँच सय छयालिस रुपैयाँ तेईस पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# दुई जिल्लाको सीमा विवाद प्रदेशलाई

-तारानाथ आचार्य
बागलुङ, १५ पुस

बागलुङ र पूर्वीरुकुम जिल्लाबीच रहेको सीमा विवाद जिल्ला तहबाट टुङ्गो नलागेपछि प्रदेशमा पठाइने भएको छ।

बागलुङ र रुकुमको सिमाना पातीहाल्नेमा भएको विवाद जिल्ला तहमा भएका विभिन्न चरणका छलफलबाट टुङ्गो नलागेकाले जिल्ला समन्वय समितिले सीमा विवाद समाधानका लागि प्रदेश सरकारको साथ लिने भएको हो।

दुई जिल्लाका जनप्रतिनिधि र प्रशासकीय टोली, पालिकास्तरका समूह र दुवै जिल्लाका प्राविधिक समूहका बीच पटकपटक भएका छलफलबाट विवाद समाधान नभएपछि समाधानका लागि प्रदेशलाई अनुरोध गर्ने निर्णय भएको जिल्ला समन्वय समितिका प्रमुख राजेन्द्र दुङ्गानाले बताउनुभयो।

सीमा विवाद समाधानका लागि गण्डकी र लुम्बिनी प्रदेश सरकारलाई लेखी पठाउने गरी पाचौं जिल्लासभाले निर्णय गरेको छ। "हामीले पटकपटक छलफल र प्रयास गरेका थियौं तर सकिएन्", दुङ्गानाले भन्नुभयो, "अब प्रदेश र सङ्घीय सरकारलाई विवाद मिलाउन अनुरोध गर्ने जिल्लासभाले निर्णय गरेको छ।" जिल्ला समन्वय समितिले प्रदेश सरकारलाई पत्राचार गर्ने र विवाद समाधान छिटो गर्न ध्यानाकर्षण गराउने भएको छ।

"पातीहाल्ने पर्यटकीय क्षेत्र हो, यहाँको विकास कसले गर्ने भन्ने विषय लामो समय विवाद रहँदा अन्योल हुन्छ", उहाँले भन्नुभयो, "हामीले आठ १० मिटर त्याग गर्दासमेत रुकुम तयार भएन, समस्या बल्भ्फाउनुभन्दा माथिल्लो निकायमा पुऱ्याउनु न्यायोचित ठानियो।" विवाद समाधानका लागि बागलुङ र पूर्वी रुकुमको नापी कार्यालयका प्राविधिकले स्वतन्त्ररूपले नक्साङ्कन गरेका थिए। प्राविधिकले गरेको नक्साङ्कनका आधारमा सीमामा किल्ला गाड्न बागलुङले आग्रह गरे पनि रुकुमले मानिरहेको छैन। बागलुङको निसीखोला र पूर्वीरुकुमको भूमे गाउँपालिकामा विवादित सिमाना पर्छ। बागलुङतर्फको जमिन केही समथर र रुकुमतर्फको जमिन केही भिरालो छ। सिमानामा रहेको रिघ ताल बागलुङ वा रुकुमपूर्वको भूभागमा पर्ने भन्ने विषयमा पनि विवाद छ। मध्यपहाडी लोकमार्ग निर्माण भएपछि पातीहाल्नेको विवाद थप उत्कर्षमा पुगेको हो।

यसैगरी बागलुङको जिल्लासभाले विभिन्न २० प्रस्ताव पारित गरेको छ। छिमेकी जिल्ला रुकुम र बागलुङको बीचमा रहेको सीमा विवाद समाधानदेखि अनाधिकृत भोले व्यापारीलाई नियन्त्रणका लागि सरोकारवाला पक्षको ध्यानाकर्षण गराउनेसम्मका प्रस्ताव जिल्लासभाले पारित गरेको हो। दुई पालिका जोड्ने मुख्य सडक बाह्रै महिना सञ्चालन हुने वातावरण बनाउने, राष्ट्रिय राजमार्ग छेउछाउका संरचना निर्माणमा मापदण्ड पालना गराउने, कालोबजारी नियन्त्रणमा साभा कार्यक्रम ल्याउने, उत्तरगङ्गा जलाशययुक्त आयोजना निर्माणमा हुनसक्ने अवरोध समाधान गर्ने, गौरवका योजना समयमा सक्न ताकेता गर्ने र विकास निर्माणको जानकारी सर्वसाधारणलाई गराउनेसम्मका निर्णय जिल्लासभाले गरेको छ।

विकास निर्माणमा गुणस्तर, दुङ्गागिट्टी बालुवा र खानी उत्खनन् तथा जडीबुटीको निकासीमा सहज कानुनी व्यवस्था, ओमिक्रोनसँग जुध्ने योजना निर्माण, पालिकाका प्रशासनिक भवन निर्माणका लागि पहल, अलपत्र संरचना पुनःनिर्माण तथा हस्तान्तरण, सामाजिक सुरक्षा भत्ता वितरणमा सहज तुल्याउने समेतका प्रस्ताव सर्वसम्मत पारित भएको जिल्ला समन्वय समितिका प्रमुख राजेन्द्र दुङ्गानाले बताउनुभयो।

तारेखोलाको स्लेट ढुङ्गा उत्खनन् तथा निकासीका लागि कानुनी भन्भ्फटमा सरलीकृत गर्नुपर्ने तथा ढोरपाटन शिकार आरक्षको आफ्नै कानुनका कारण आरक्ष क्षेत्रमा निर्माण हुने संरचनामा उत्पन्न विवाद समाधानका लागि पहल गर्ने प्रस्ताव पारित भएको छ।

# उद्यान, सूचना केन्द्र र पदमार्ग उद्घाटन

पोखरापत्र संवाददाता
दमौली, १५ पुस

तनहुँको भिमाद नगरपालिका–९ मोहोरियामा निर्माण भएका तीन योजना एकसाथ उद्घाटन गरिएको छ।

गण्डकी प्रदेश सरकार र वडा कार्यालयको लगानीमा बनाइएको घाङ्च ल्हुम (अग्लो ढुङ्गा) पक्षी एवं वनस्पति उद्यान, पर्यटन सूचना केन्द्र भवन र धन्दुर इको पदमार्ग एकसाथ बुधबार गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री किरण गुरुङले उद्घाटन गर्नुभयो। गण्डकी प्रदेश सरकारको रु २० लाखको लागतमा अग्लो ढुङ्गासहितको उद्यान निर्माण गरिएको थियो। मगर भाषामा अग्लो ढुङ्गालाई घाङ्च ल्हुम भनिन्छ। मोहोरियाको जङ्गलमा अग्ला ढुङ्गा परापूर्वकालदेखि नै थिए। भट्ट हेर्दा आकर्षक देखिने चुच्चे अग्ला ढुङ्गा ढुङ्गामै सीमित थिए। तीनै ढुङ्गालाई सिङ्गारेर उद्यान बनाइएको हो। उद्यान निर्माणका लागि स्थानीयवासीले दश प्रतिशत व्यहोरेका छन्। ढुङ्गा सिङ्गारेर



उद्यान बनाइएपछि आन्तरिक पर्यटकको चहलपहल सुरु भएको वडाध्यक्ष इमानबहादुर थापाले जानकारी दिनुभयो। सोही ठाउँमा रु २० लाखको लागतमा धन्दुर इको पदमार्ग निर्माण गरिएको छ। पदमार्गमा रेलिङसहितको चार सय मिटर सिँढी निर्माण गरिएको छ। चमेरो गुफाबाट मोहोरियाको घाङ्चल्हुम जोड्नलाई रेलिङसहितको सिँढी बनाइएको छ। प्रसिद्ध चार तले धन्धुर सिद्ध गुफासँगै रहेको चमेरो गुफादेखि मोहोरियासम्म निर्माण गरिएको पदमार्गले सर्वसाधारणलाई सहज हुने उहाँले बताउनुभयो।

निकट भविष्यमा सिद्धगुफा, चमेरेगुफा, मोहोरियाका घाङ्चल्हुम, पाइमीको भ्युटावर, इलुङ भरना हुँदै पाथर्दी सामुदायिक होमस्टेलाई जोडेर फूलको बगानसहितको पदमार्ग बनाउने योजना रहेको वडाध्यक्ष थापाको भनाइ थियो। मोहोरियामै रु १९ लाखको लागतमा सूचना केन्द्र निर्माण गरिएको छ। केन्द्रमा यस ठाउँ वरपर पाइने जडीबुटी सङ्कलन गरी प्रदर्शनीमा राखिनेछ।

# म्याग्दीमा सुन्तलाको उत्पादन बढ्दो: वार्षिक साढे सात करोडको कारोबार

-ध्रुवसागर शर्मा
म्याग्दी, १५ पुस

म्याग्दीका सुन्तला उत्पादक किसानलाई यतिबेला सुन्तला बिक्री गर्न भ्याइनभ्याई छ। सुन्तला खरिद गर्न व्यापारी गाउँ–गाउँमा रहेका सुन्तला बगैँचामा नै आउन थालेपछि किसानले घरबाट नै सुन्तला बिक्री गरेर लाखौं रुपैयाँ आम्दानी गरिरहेका छन्।

बेनी नगरपालिका–४ बास्कुनाका तिलक गुरुङले रु पाँच लाखमा आफ्नो सुन्तला बोटबाटै बिक्री गर्नुभयो। पोखराबाट आएका व्यवसायीले गुरुङको ६० वटा बोटमा फलेको सुन्तला रु पाँच लाखमा खरिद गरेका हुन्। गुरुङको भाइ मात्रै होइन, बास्कुनाका १९ घरधुरीको सुन्तला बोटबाटै प्रतिकिलो रु ६५ का दरले बिक्री भएको छ। पोखराबाट सुन्तला खरिद गर्न गएका व्यापारीले बास्कुनाका सुन्तला बोटबाटै खरिद गरेको बास्कुना सुन्तला किसान समूहमा पनि आवद्ध रहेका किसान गुरुङले बताउनुभयो। गाउँका अन्य सबै घरका सुन्तला व्यापारीले खरिद गरी लगिसके पनि उनको सुन्तला भने अभै निर्यात हुने क्रममा छ। "यो वर्ष मेरो बगैँचामा करिब रु छ लाखको सुन्तला फलेको अनुमान गरेको छु, केही सुन्तला निर्यात भयो, बाँकीलाई समेत केही दिनमै बिक्री गर्ने योजना बनाएको छु," उहाँले भन्नुभयो।

वैदेशिक रोजगारी त्यागेर २०५९ सालमा गाउँ फर्किनुभएका गुरुङले गाउँमा धानखेती छोडेर व्यावसायिक रुपमा सुन्तलाखेती सुरु गर्नुभएको थियो। करिब १३ रोपनी खेतमा सुन्तला रोपेका गुरुङको बगैँचामा अहिले ३५० बोटले फल दिन्छन् भने करिब ४०० नयाँ बोट रोप्नुभएको छ। बास्कुनामा रहेका १९ घरधुरीले नै अहिले सुन्तला खेतीलाई व्यावसायिक बनाएका छन्। सबैजसोले धान, कोदो र मकैखेती हुने खेतबारीमा सुन्तलाको बोट रोपेका छन्।

त्यसैगरी बेनी नगरपालिका–३ भकिम्लीको राखु गाउँका किसानलाई पनि यतिबेला सुन्तला बिक्री गर्न भ्याइनभ्याई छ। करिब ५० घरधुरीको बसोबास रहेको राखु गाउँमा सबैजसोले सुन्तला खेती गरेका छन्। गाउँघरमा रोपिएका १२ हजारभन्दा बढी सुन्तलाका बिरुवामध्ये अहिले नौ हजार जतिले फल दिन थालेको स्थानीयवासी मनकुमारी पुनले बताउनुभयो। गतवर्ष पुनले सुन्तला बिक्रीबाट रु तीन लाख आम्दानी गर्दा गाउँमा रु ३३ लाखभन्दा बढी नगद भित्रिएको थियो। "केही दिनयता १५ जनाले निरन्तर सुन्तला टिपिरहेका छन्, अभै १५ दिन सुन्तला टिप्नमै लाग्छ, यहाँ टिपेको सुन्तलालाई पोखरा र काठमाडौंका व्यवसायीसँग सम्पर्क गरी निर्यात गर्छौं, यो वर्ष गाउँबाट भण्डै रु ४० लाखभन्दा बढी मूल्यको सुन्तला निर्यात हुने अनुमान गरेका छौं" पुनले भन्नुभयो। बास्कुना र राखुमा मात्रै होइन, यतिखेर जिल्लामा सुन्तला उत्पादन भएका ठाउँमा किसानले धमाधम सुन्तला बिक्री गरिरहेका छन्। अधिकांश बगैँचामा पोखरा, काठमाडौं र धादिङका व्यवसायीले बोटबाटै सुन्तला खरिद गर्ने गरेका छन्। रघुगङ्गा गाउँपालिका–१ बेगखोलाको घाप्पामा रहेका १६ घरधुरीले समेत बोटबाटै सुन्तला बिक्री गरेका छन्। स्थानीयवासी र बाहिरबाट आएका व्यापारीलाई स्थानीयवासीले बोटबाटै सुन्तला बिक्री गरेका हुन्। अहिले बोट नै ठेक्का लिएर खरिद गरेकाले धमाधम सुन्तला टिपेर लैजाने गरेको स्थानीयवासी खिम फगामीले बताउनुभयो।

घाप्पामा सुन्तला खेतीबाट आम्दानी हुन थालेपछि किसानले खेती हुनेबारीमै व्यावसायिक रुपमा सुन्तला खेतीलाई विस्तार गर्दै लगेका छन्। जिल्ला कृषि ज्ञान केन्द्र म्याग्दीको तथ्याङ्कअनुसार म्याग्दीमा २६५ जना किसानले सुन्तला खेतीलाई व्यावसायिक बनाएका छन्। ६१६ हेक्टर क्षेत्रफलमा गरिएको सुन्तला खेतीबाट वार्षिक दुई हजार २३५ दशमलव ६ मेट्रिक टन सुन्तला उत्पादन हुने गरेको छ। जिल्लाबाट रु सात करोड ५० लाख बराबरको सुन्तला निर्यात हुनेगरेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ। जिल्लामा उत्पादन भएको सुन्तलामध्ये ठूलो हिस्सा पोखरा, काठमाडौं, नवलपर सिलगायत ठूला बजारमा निर्यात हुँदै आएको छ। म्याग्दीमा बेनी नगरपालिकासहित बरङ्जा, अर्मन, ओखरबोट, देवीस्थान, बिम, मुदी, ताकम, मराङ, भगवती, पिप्ले, बेग, भुरुङ तातोपानी, दोबा, हिस्तान, घार, दाना, नारच्याङलगायतका क्षेत्र सुन्तला खेतीका लागि पकेट क्षेत्र मानिन्छन्।

# नेपाल रेडक्रस सोसाइटी पोखरा ७ उपशाखाको सभापतिमा भोजराज बराल

पोखरापत्र संवाददाता
पोखरा, १५ पुस

नेपाल रेडक्रस सोसाइटी पोखरा ७ उपशाखा को १८ औं साधारणसभा तथा ८औं अधिवेशन बिहीबार सम्पन्न भएको छ।

अधिवेशनले भोजराज बरालको सभापतित्वमा उपसभापति अनुपा बराल, सचिव ध्रुवराज बराल, कोषाध्यक्ष सुजन बराल, उपसचिव कुमार भण्डारी, उपकोषाध्यक्ष बिल कुमारी कुमाल, सदस्यहरुमा पार्वती कुमारी पौडेल, सज्जय पौडेल, त्रिविक्रम सुवेदी, श्रीराम बराल, निर्मला अर्याल बरालालाई निर्विरोध निर्वाचित गरेको छ। यसअघि सभाको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं ७ का वडाध्यक्ष रामचन्द्र बरालले विपदमा पोखरा ७ उपशाखा ले खेलेको भूमिकाको प्रशंसा गर्दै सँधैभरि रेडक्रसका सात सिद्धान्त अनुसरण गरि अगाडि बढ्न सक्षम र कुशल नेतृत्व चयनका लागि शुभकामना



दिनुभएको थियो। कार्यक्रममा विशिष्ट अतिथि नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखा उपसभापति डण्डराज शर्मा, विशिष्ट अतिथि नेपाल रेडक्रस सोसाइटी कास्की शाखा सदस्य तथा मतदान अधिकृत मंगल नेपाली,अतिथिहरु संस्थापक सभापति चुडामणि बराल,वडा सदस्य तथा नेकपा एमाले पोखरा ७ का अध्यक्ष किशोर बराल, नेपाली काग्रेस वडा इकाई ७ का सभापति नविनराज बराल, नेकपा माओवादी केन्द्र ७ का अध्यक्ष डण्डपाणी आचार्य, श्रीकृष्ण मावि विद्यालय ब्यवस्थापन समिति अध्यक्ष पुरुषोत्तम रेग्मी, महिला बिकासका लागि आमा समूहका अध्यक्ष मेनका बरालले अधिवेशन सफलताको शुभकामना दिनुभएको थियो।

सभामा उपशाखाका सचिव राममोहन आचार्यद्वारा प्रस्तुत साँगठनिक तथा कोषाध्यक्ष शारदा गिरीबाट प्रस्तुत आर्थिक प्रतिवेदनलाई सर्वसम्मतिले पारित गरिएको थियो।

उपशाखाका सभापति दामोदर बरालको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपशाखाका उपकोषाध्यक्ष अनुपा बरालले सात सिद्धान्त वाचन र सचिव राममोहन आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# एउटै परिवारका छ बालबालिकाको पढाइमा सकस

पोखरापत्र संवाददाता
बेनी, १५ पुस

एकतले साँघुरो घरमा गुजारा गर्दै आएका उस्तै उमेरका छोराछोरीलाई हुर्काउँदैछन्, टेकबहादुरका दम्पती। धवलागिरि गाउँपालिका–३ मुनाका टेकबहादुर परियार र उहाँकी पत्नी कमला सक्षम छैनन्। वाक अपाङ्गता भएका उनीहरु गाउँमा अरुलाई काममा सघाउने र मागेर घरखर्च चलाउने गर्छन्।

आर्थिक अवस्था नाजुक भएकाले परियार दम्पतीका छ छोराछोरीलाई अहिले पढाइका लागि खर्चको अभाव भएको छ। पाँच छोरा र दुई छोरीमध्ये जेठी छोरी मनुले पढ्ने नापाइ सानै उमेरमा विवाह गरेपनि अन्य पाँच भाइ र एक बहिनी स्कुल उमेरकै छन्। मुनास्थित धवलागिरि आधारभूत विद्यालयको कक्षा ८ मा अध्ययन गर्ने जेठा छोरा खिमबहादुरले बाबाआमाको नियमित आम्दानी नभएको र आफूहरुले पनि काम गर्नसक्ने नहुँदा पढाइखर्च जुटाउन धौधौ भएको बताए। "घरमा बुबाआमाले केही कमाइ नै गर्न सक्नुहुन्न, हामी स्कुल आउँछौं, घरखर्च चलाउन पनि समस्या छ, हामी जेनतेन स्कुल आउने गरेका छौं, माइलो भाइले बिचैमा स्कुल छोड्यो, हामीले पनि कहिलेसम्म पढ्ने हो निधो छैन", उहाँले भन्नुभयो। खिमबहादुरका भाइ मनेले दुई कक्षामा अध्ययन गर्दागर्दै स्कुल छाडेका हुन्। बहिनी जमुना कक्षा ४, भाइ कुसल कक्षा २ र सङ्गीन बालकक्षामा पढ्छन्। कान्छो भाइ इसान घरमै आमासँग बस्छ। विपन्न र अपाङ्गता समेत रहेका अभिभावकले बालबच्चाको सामान्य लत्ताकपडा र स्टेशनरी खर्चसमेत जुटाउनसक्ने अवस्था नभएकाले उनीहरुको पढाइमा असर पर्ने देखिएको विद्यालयका सहायक प्रधानध्यापक रुपेश सुवेदीले बताउनुभयो। "अभिभावक शिक्षित नहुँदा धेरै बालबच्चा जन्माउने तर आधारभूत शिक्षाको अवसर दिन नसक्ने अवस्था आएको देखिन्छ, घरपरिवारको अवस्था दयनीय छ, कम्तीमा सबै बालबच्चालाई राम्रो शिक्षा दिन सकियो भने उनीहरुको भविष्य अन्धकार हुने थिएन, त्यसका लागि यो परिवारलाई सहयोगको खाँचो छ", उहाँले भन्नुभयो।

बालबच्चाको वार्षिक रुपमा शैक्षिक सामग्री, लत्ताकपडालगायत खर्च जुटाउन सके बिचैमा स्कुल छाडेका अन्य बालबालिकालाईसमेत स्कुलमा ल्याउन सकिने भएकाले विद्यालयले परियारका बालबच्चाको शिक्षामा सघाउन आह्वान गरेको प्रअ मनबहादुर पुनले बताउनुभयो।


## फेदिखोला गाउँपालिका भएर बग्ने भाटखोला र सेतीखोला खोलाको बगर क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना

(प्रथम पटक प्रकाशित मिति: २०७८/०९/१६)

गण्डकी प्रदेश स्याङ्जा जिल्ला फेदिखोला गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | फेदिखोला गाउँपालिकाको कार्यालय, फेदिखोला ०५, स्याङ्जा |
| प्रस्तावको व्यहोरा | भाटखोला सेतीखोला-चनौटे दोभान, ठाडोखोला-डहरे दोभान, दोपहरे-चौंपको रुख र सेतीखोला -पिप्ले पातीहाल्ना गरी ४ बगर क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खनन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण |
| प्रभाव पर्नसक्ने जिल्ला न.पा/गा.पा र वार्डहरु | फेदिखोला गाउँपालिकाको वडा नं. २, ३ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा/गा.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

१. फेदिखोला गाउँपालिकाको कार्यालय, फेदिखोला, स्याङ्जा फोन नः ०६३–४०२०७३

२. साइन इन इन्भाइरोमेन्ट एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.,काठमाडौं फोन नं. ९८४६४०४११८